मिति २०८३/०३/०९ गते गाउँ सभामा उपाध्यक्ष श्री रमा घिसिङज्यूले पेस गर्नुभएको

## खाँडादेवी गाउँपालिकाको

आ.व. २०८३।०८४ को

# बजेट वक्तव्य

खाँडादेवी गाउँपालिका

बागमती प्रदेश, नेपाल

गाउँसभा अध्यक्ष महोदय,
गाउँसभा सदस्यज्युहरु,
राष्ट्रसेवक कर्मचारी, पत्रकार,सुरक्षाकर्मी,तथा यहाँ उपस्थित सम्पुर्ण महानुभावहरु,

१. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम खाँडादेवी गाउँपालिकाको उपाध्यक्ष एंव बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०८३।०८४ को बजेट प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि सशस्त्र सङ्घर्ष, जनआन्दोलन एवम् प्रदेश स्थापनार्थ भएको आन्दोलनका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यस अवसरमा सहिद परिवार, विभिन्न आन्दोलनका घाईते, अपाङ्ग तथा वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. पछिल्लो क्रम शिथिल रहेको मुलुकको अर्थतन्त्रलाई चलयमान बनाउन सङ्घ, प्रदेश र स्थानीय तहले चालेका कदम र प्रयासले अपेक्षित उपलब्धी हासिल गर्न नसकेको कुरा प्रष्ट छ । यसको प्रभावबाट स्थानीय सरकार पनि अछुतो रहन सकेन । प्राकृतिक स्रोत साधन तथा पर्यटकिय क्षेत्रको प्रचुर संभावना हुँदा हुँदै पनि मानव विकास सुचाङ्क, शिक्षा, स्वास्थ्य, रोजगार तथा आर्थिक गतिविधि जस्ता क्षेत्रबाट पछि रहेको यस गाउँपालिकाको विकास र समृद्धिमा यस बजेटले सकारात्मक परिवर्तन ल्याउने विश्वास लिएको छु ।

४. सीमित स्रोत साधन, उपलब्ध स्रोतहरुको न्युन उपयोग, कठिन भौगोलिक अवस्था, आन्तरिक राजश्व परिचालन र दक्ष जनशक्ति अभावका कारण उपलब्ध स्रोतको प्रभावकारी उपयोग हुन सकेको छैन । उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गर्दै स्थानीयवासीको आर्थिक अवस्था सुदृढ गर्न उत्पादनमुखि कृषि प्रणालीमा जोड दिई सामाजिक तथा आर्थिक रुपमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकहरुको आंकाक्षालाई संवोधन गर्न शिक्षा, स्वास्थ्य, पर्यटन, खानेपानी, सरसफाई लगायत अन्य पूर्वाधार विकासमा बजेट तथा कार्यक्रम केन्द्रित गरेको छु ।

५. पालिकाको समग्र विकास र कार्यक्रमलाई दिगो, परिणाममुखी, उत्पादनमूलक तथा जनमुखी बनाउन तीनै तहका सरकार बीच समन्वय, सहकार्य र सहजिकरणमा योजना तथा कार्यक्रमको छनौट एंव कार्यान्वयन गरिनेछ ।

आवश्यक्ताका आधारमा छनौट भएका योजनाहरुका लागि पर्याप्त रकम विनियोजन गरि पूर्वाधार विकासको गतिलाई तिव्रता दिईनेछ।

६. संघीय सरकारले तोके बमोजिमको कर्मचारीहरूको यस बर्षको तलब बृद्धीलाई निरन्तरता दिएको छु।

७. बजेट तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारका तथा खाँडादेवी गाउँपालिकाको विभिन्न योजना, रणनीतिक सोच, सरकारको दिगो विकास लक्ष्य, समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालिन राष्ट्रिय आकाङ्क्षामा आधारित समृद्ध खाँडादेवी, सुखी र खुसी खाँडादेवीवासीको दीर्घकालिन सोच लगायतका नीतिहरु माथि गाउँसभाका सदस्यहरुबाट प्राप्त सुझाब सल्लाह र गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रमलाई प्रमुख आधारका रुपमा लिएको छु। नागरिक समाज, राजनीतिक दल, निजी क्षेत्र, सञ्चार जगत, विद्धत वर्ग, संघ संस्था तथा आम नागरिकबाट प्राप्त सल्लाह सुझाब समेतलाई प्राथमिकतामा राखेको छु।

८. खाँडादेवी गाउँपालिकालाई उत्कृष्ट र उदाहरणीय स्थानीय तहको रुपमा परिचित गराउनु हाम्रो जिम्मेवारी र चुनौति हामी बिचमा छ। गाउँपालिकाको समृद्धि र समुन्नतिका लागि एकिकृत गुरुयोजनाले निर्दिष्ट गरेको दीर्घकालिन सोच, लक्ष्य र उदेश्य प्राप्तिमा स्थानीय सरकार प्रतिवद्ध छ।

९. यस वर्ष एम्बुलेन्स नयाँ किन्न नसक्ने अवस्था रहेको तथा पूरानो एम्बुलेन्स ठिक अवस्थामै रहेको तर एउटा मात्र एम्बुलेन्स हुँदा नागरिकको सेवा प्रवाहमा असर पुग्न जाने हुँदा अन्य एम्बुलेन्स प्रयोग गर्नुपर्ने अवस्थामा गाउँपालिकाबाटै रकमको व्यवस्थापन गर्ने गरी उक्त कार्यका लागि ४ लाख विनियोजन गरेको छु।

१०. प्रदेश सरकारबाट मोबाइल अस्पताल सञ्चालनको लागि प्राप्त भएको रू. २५ लाख बरारबरको रकम र अपुग हुने रकम रू २० लाख विनियोजन गरेको छु।

११. खानेपानीको स्वच्छता र पानी भण्डारणका निम्ती विपन्न गरिव परिवारलाई पानी ट्याङ्की वितरणका लागि रू २० लाख विनियोजन गरेको छु।

१२. खाँडादेवी गाउँपालिकाको पर्यटन विकासका लागि खाँडादेवी मन्दिर सम्म जाने सडक निर्माण कार्य गर्नलाई रू. ५० लाख विनियोजन गरेको छु।

१३. निर्माणाधिन ङ्यागुर साम्तेलिङ गुम्बाको पहिलो चरणको काम सम्पन्न गर्नका लागि ५० लाख रकम विनियोजन गरेको छु।

१४. खाँडादेवी अस्पताल निर्माणाधिन रहेको उक्त अस्पतालको निर्माणको लागी प्रदेश सरकारबाट रकम प्राप्त भएको तर केही अपुग हुने भएकाले उक्त निर्माण सम्पन्न गर्नका लागि रू ५५ लाख विनियोजन गरेको छु ।

१५. लिफ्ट खानेपानीको विद्युत महशुल भुक्तानी गर्नका लागि प्रत्येक लिफ्ट खानेपानीका लागी प्रति लिफ्ट बरारबर १०% र थप भएका लिफ्टमा थप १०% ले बढ्दै जानेगरी लिफ्ट खानेपानीको विद्युत महशुलमा अनुदान दिनका लागि रू २५ लाख विनियोजन गरेको छु ।

१६. आवधिक योजना निर्माण गर्नुपर्ने भहेकाले उक्त कार्यका लागि रू ५ लाख रकम विनियोजन गरेको छु ।

१७. बाख्राको खोर सुधार कार्यक्रमका लागि यस वर्ष १०० वटा बाख्राको खोर निर्माण गर्नका लागि रू. २० लाख रकम विनियोजन गरेको छु ।

१८. वडा नं २ को वडा कार्यालय भवन निर्माण गर्न बाँकीनै रहेकाले उक्त भवन निर्माणका लागि रू ७० लाख विनियोजन गरेको छु ।

१९. खाँडादेवी गाउँपालिकामा विपद्जन्य घटना बढ्दै गएकोमा यस वर्ष विपद् व्यवस्थापनका लागी रू. ३० लाख विनियोजन गरेको छु ।

२०. कार्यालयको सेवा प्रवाहलाई चुस्त दरुस्त राखी कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय कानूनको आवश्यक्ता देखिएकाले विभिन्न ८ वटा स्थानीय कानून (कार्यविधि, मापदण्ड, निर्देशिका, ऐन) निर्माण तथा संशोधन भई कार्यान्वयनमा ल्याईएको छ । आगामी आर्थिक बर्षमा आवश्यक स्थानीय कानून निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

**गाउँसभा अध्यक्ष महोदय,**

अब म गाउँपालिकाले प्राथमिकतामा राखेको विभिन्न क्षेत्रलाई सम्बोधन गर्ने गरि तयार गरिएको आगामी आर्थिक वर्ष २०८२।८३ को आय व्ययको अनुमान यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु ।

आय अनुमान

| क्र.स. | शिर्षक | रकम |
|---|---|---|
| १ | अ.ल्या. | १ करोड |
| २ | आन्तरिक राजश्व | ६० लाख |
| ३ | राजश्व बाँडफाँड स्थानीय सरकार | १ करोड |
| | **जम्मा** | **२ करोड ६० लाख** |
| | **संघीय सरकार बाट प्राप्त अनुदान रकम** | |
| १ | संघीय समानिकरण अनुदान | १३ करोड २१ लाख |
| २ | संघीय सशर्त अनुदान | २८ करोड ३३ लाख |
| ३ | संघीय समपुरक अनुदान | १ करोड ५ लाख |
| ४ | संघीय विशेष अनुदान | ० |
| ५ | संघीय राजश्व बाँडफाँड | ८ करोड ८५ लाख २३ हजार |
| | **जम्मा** | **५१ करोड ५४ लाख २३ हजार** |
| | **प्रदेश सरकार बाट प्राप्त अनुदान रकम** | |
| १ | प्रदेश समानिकरण अनुदान | १ करोड २५ लाख २२ हजार |
| २ | प्रदेश सशर्त चालु अनुदान | ५६ लाख ७९ हजार |
| | प्रदेश सशर्त पूँजिगत अनुदान | ४० लाख |
| ३ | प्रदेश समपुरक अनुदान | ० |
| ४ | प्रदेश विशेष अनुदान | ७० लाख |
| ५ | प्रदेश राजश्व बाँडफाँड | ३ करोड ५१ लाख ५ हजार २ सय ३५ |
| | **जम्मा** | **६ करोड ४३ लाख०६ हजार २ सय ३५** |
| **कुल जम्मा** | | **६० करोड ५७ लाख २१ हजार २ सय ३५** |

व्यय अनुमान

| क्र.स. | शिर्षक | रकम |
|---|---|---|
| १ | आर्थिक विकास | २५ प्रतिशत |
| २ | पूर्वाधार विकास | ३५ प्रतिशत |
| ३ | सामाजिक विकास | २५ प्रतिशत |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १० प्रतिशत |
| ५ | वन तथा वातावरण | ५ प्रतिशत |
| | **जम्मा** | **१०० प्रतिशत** |

यस वर्ष प्रत्यक वस्तिस्तरमा योजना माग गर्दै आएकोमा वस्ति स्तरबाट आएको मागलाई तपसिल बमोजिम उल्लेख गरिएको छ।

| वडा नं | योजना संख्या | माग रकम | कैफियत |
|---|---|---|---|
| १ | १७९ | १करोड | |
| २ | १५० | ३ करोड ५१ लाख | |
| ३ | १३७ | ६ करोड ४१ लाख | |
| ४ | २५७ | ३ करोड ३५ लाख | |
| ५ | १८० | ३ करोड ४१ लाख | |
| ६ | ६० | १ करोड | |
| ७ | १३७ | ६ करोड ४१ लाख | |
| ८ | ७४ | ४ करोड ५८ लाख | |
| ९ | ८७ | १ करोड ५१ लाख | |

| | | | |
|---|---|---|---|
| पालिका स्तर | | ९करोड १२ लाख | |
| | | जम्मा | ४० करोड ३०लाख |

शाखागत रूपमा प्रस्तवित जजेट

| क्र.सं. | विषयगत शाखा | कुल प्रस्तावित वजेट |
|---|---|---|
| १ | प्रशासनिक खर्च | ९ करोड ९७ लाख |
| २ | योजना शाखा | ४ लाख |
| ३ | पूर्वाधार | छ लाख |
| ४ | स्वास्थ्य | २ करोड |
| ५ | शिक्षा | २ करोड ८९ लाख |
| ६ | पञ्जिकरण | ८ लाख |
| ७ | महिला बालबालिका | ३० लाख |
| ८ | कृषि | ६२ लाख |
| ९ | पशुपंक्षी | ४४ लाख |
| १० | न्यायिक | १४ लाख |
| १२ | सूचना प्रविधि शाखा | ५२ लाख |
| १३ | वडा कार्यालय प्रशासनिक | १ करोड १७ लाख |
| | कुल जम्मा | १८ करोड १४ लाख |

यसरी आगामी आर्थिक वर्ष २०८३।०८४ मा समग्र पालिकास्तरिय आयोजना/कार्यक्रमहरुको कार्यान्वयनका लागि प्रस्तावित आय रु **६० करोड ५७ लाख २१ हजार २ सय ३५** प्रस्तावित भएको जसमा यस वर्षको हामिले बाँडफाट गर्न मिल्ने रकम जम्मा रू. २९ करोड ४२ लाख मात्र रहेको छ। प्रस्तावित वस्तिस्तरको खर्च र शाखाको प्रस्तावित खर्च गरी ५८ करोड ४४ लाख रुपैया प्रस्ताव भएकोमा यस गाउँपालिकाले बाँड्न मिल्ने रकमलाई न्यायोचित रूपमा वितरण

तथा विस्तृतिकरणक लागि कार्यपालिकामा छलफल गरी गाउँ सभाको २० औं अधिवेशनको आगामी बैठकबाट अनुमोदन गर्ने गरी यस गरिमामय सभामा स्विकृतिको लागि पेश गर्ने अनुमति चाहन्छु ।

धन्यवाद!!!